नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

# राष्ट्रिय योजना आयोगको सचिवालय

## प्रेस विज्ञप्ती

**२०७५ जेठ २१, सोमबार**

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री **के.पी. शर्मा ओलीज्यू**को अध्यक्षतामा समितिको **४२ औं** बैठक बस्यो । बैठकमा माननीय मन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, माननीय राज्यमन्त्रीहरु, महालेखा परीक्षक, नेपाल सरकारका मुख्य सचिव, आयोगका माननीय सदस्यहरु र नेपाल सरकारका सचिवहरुको समेत उपस्थिति रहेको थियो । बैठकमा समष्टिगत आर्थिक सूचकहरु, आ.व. २०७४/७५ को दोस्रो चौमासिक अवधिको बजेट खर्च, कार्यक्रम तथा आयोजनाहरुको चौमासिक प्रगति, राष्ट्रिय गौरवका आयोजनाहरुको दोस्रो चौमासिक प्रगति स्थिति, पुन:निर्माणसम्बन्धी दोस्रो चौमासिक प्रगति, समितिका विगतका निर्णयको कार्यान्वयन स्थिति तथा विभिन्न मन्त्रालयहरुले सामना गरिरहका समस्याहरु, आयोगबाट आयोजनाहरुको स्थलगत अनुगमन गर्दा देखिएका समस्याहरु र निर्णयका लागि प्रस्तावित विषयहरुको सम्बन्धमा समीक्षा भयो । बैठकले विभिन्न १० वटा निर्णयहरु गरेको छ ।

**सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री के.पी. शर्मा ओलीज्यूले बैठकमा देहाय वमोजिमको निर्देशन दिनुभएको थियो :**

सबै मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालयको समस्याको सम्बन्धमा तथ्यांकहरुको आधारमा प्रोफाइल तयार गर्ने, असुरक्षित, अपायक र विकासका लागि बाधक वस्तीहरुलाई पुनस्थापना गरी एकिकृत वस्ती विकास प्रणाली स्थापना गर्ने, कृषिमा आधारित वन (agro-forest) विकास गर्नुपर्ने, आधारभूत आवश्यकताका वस्तुहरुमा आत्मनिर्भरता बढाउँदै जाने, आधुनिक औद्योगिकीरकणको लागि कुन क्षेत्रमा निजी क्षेत्रलाई प्रबर्द्धन गर्ने र कुन क्षेत्रमा सरकारी लगानी बढाउँदै जाने भन्ने कुराको निक्यौंल गर्ने, स्वास्थ्यलाई नकारात्मक असर पुग्ने खाद्यान्न आयातमा रोक लगाउने, विदेश भ्रमण उद्देश्यमूलक हुनुपर्ने र भ्रमणबाट सिकेका ज्ञानसीप उपयोग गर्ने, कृषि, पशुपालन र फलफुलका क्षेत्रमासहकारी योजनाबद्ध रुपमा प्रबर्द्धन गर्ने, आधुनिक कृषिका लागि जमिनको उपयोगिता पहिचान गरी सोही अनुसारको खेती गर्ने, परम्परागत योजना प्रणालीको अन्त्य गरी विकासको modality, attitude र vision सबै फरक गर्नुपर्ने, अन्तर्राष्ट्रिय विकास साझेदारहरु र संघ संस्थाहरुसंग वैदेशिक सहायता सम्बन्धमा सम्झौता गर्दा परराष्ट्र अनिवार्य रुपमा मन्त्रालयसंग समन्वय र सहमती लिनुपर्ने, रोजगारी सिर्जना गर्ने र उत्पादकत्व बढाउने क्षेत्रमा मात्र वैदेशिक सहायता लिनुपर्ने, विकास निर्माण सम्बन्धमा अन्तर मन्त्रलाय समन्वय बलियो बनाउने र विद्यमान कानूनहरुलाई आवश्यकता अनुसार संशोधन गर्दै लानुपर्ने निर्देशन दिनुभयो ।

...............................
(राधाकृष्ण प्रधान)
सहसचिव एवम् प्रवक्ता
राष्ट्रिय योजना आयोग